# इटहरी उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इटहरी सुनसरी

शिलबन्दि दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५।११।२९

यस कार्यलयबाट तपशिल अनुसारको कार्य शिलबन्दी दरभाउ पत्र माध्यमद्वारा गराउनु पर्ने भएकोले तपसिलमा उल्लेख भएका शर्तको अधिनमा रहि शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागी यो १५ दिने सूचना प्रकाशित गरिएको छ।

शर्तहरू :

१. शिलबन्दी दरभाउपत्र फारम वापत वापत रु.१०००। -एक हजार मात्र फिर्ता नहुने गरि यस कार्यालयको राजश्व शाखामा बुझाइ सक्कलै रसिद तथा २०७५ सालको लागी नविकरण गरेको निर्माण व्यवसायी इजाजत प्रमाण पत्र आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाण पत्र,यस नगरपालिकामा दर्ता भएको प्रमाणपत्र तथा मु.अ.कर प्रमाण पत्रको प्रमाणित प्रतिलिपी पेश गरी प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र सम्म कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएका शिलबन्दी दरभाउ पत्र मिति १६ औ दिन १२ वजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ। दर्ता हुन आएका दरभाउपत्र सोही दिन(दर्ता गर्ने मिति) दिनको २ वजे यसै कार्यालयमा कार्यालय प्रतिनिधी तथा दरभाउ पत्र दाताको रोहवरमा खोलिने छ तर उक्त समयमा दरभाउपत्रदाताको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

३. शिलबन्दी दरभाउपत्र पेश गर्दा तपसिल अनुसारको जमानत रकम यस कार्यालयको ने.बै.लि. इटहरी शाखा स्थित हि.नं.ग ३/०५९०३००००००००३००००३ खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकवाट जारी गरीएको ७५ दिन सम्म मान्य हुने अवधिको सक्कलै बिड वण्ड पत्र प्रत्येक ठेक्काको लागी छुट्टा छुट्टै पेश गर्नु पर्ने छ ।

४. दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखितरूपमा गरेको घोषणा पत्र दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ।

५. शिलबन्दी दरभाउ पत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कामको विवरण र दरभाउपत्र दाता फर्मको नाम, ठेगाना र छाप लगाई लाहाछाप लगाएको हुनुपर्ने छ।

६. प्राप्त शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने घटी वा बढी अंकवालालाई दिने वा नदिने सो सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

७. शिलबन्दी दरभाउ पत्र शर्तरहीत, केरमेट नभएको, कार्यालवाट खरिद भएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ।

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको शिलबन्दी दरभाउ पत्र माथी कुनै कारवाही हुनेछैन

९. शिलबन्दी दरभाउ पत्र खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसंग बुझी भरेको मानिनेछ।

१०. शिलबन्दी दरभाउ पत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा दररेट फरक परेमा अक्षरमा उल्लेख भएको ररकमलाई मान्यता दिईने छ।

११. शिलबन्दी दरभाउ पत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोलि पल्ट सोही समयमा उक्त कार्यहरू हुनेछ।

१२. शिलबन्दी दरभाउ पत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राखी बुझ्न सकिने छ।

१३. शिलबन्दी दरभाउ पत्रमा दर रेट उल्लेख गर्दा भ्याट बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ।

१४. शिलबन्दी दरभाउ पत्रमा कुनै पनि नक्कली कागजात पेश गरेको पाइएमा निज शिलबन्दी दरभाउ पत्र दाताको दरभाउ पत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

१५. नियमानुसार नेपाल सरकारलाई लगायत अन्य निकायमा लाग्ने कर दस्तुर आदि सम्पुर्ण शिलबन्दी दरभाउपत्रदाता स्वयमले वेहोर्नु पर्ने छ।

१६. एक फर्मको नाममा खरिद भएको शिलबन्दी दरभाउ पत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

१७. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३, तथा सार्वजनिक खरिद नियमावली २०६४ एवं नेपाल सरकारको प्रचलित कानुन अनुसार हुने छ।

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | स्थान | ल.ई. मु.अ.कर बाहेक | जमानत वापतको रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१ | ITR/NCB/22/075/076 | नदी नियन्त्रण कार्य | मुढा खोला पुरानो पोखरी छेउ पुल उत्तर इटहरी १५ | रू.४,३३२,८९०।१४ | रू १२,५००।०० | |
| ०२ | ITR/NCB/23/075/076 | सडक कालोपत्रे | १२ नं. वार्डको सिमाना देखी भेदा चौधरीको घर हुदै भुस्कल्वा सम्म इटहरी १३ | रू.८,६१,७७०।९७ | रू २५,०००।०० | |
| ०३ | ITR/NCB/24/075/076 | हरित पेटीका निर्माण कार्य | इटहरी १० | रू.७,८०,६२७।८३ | रू २२,५००।०० | |
| ०४ | ITR/NCB/25/075/076 | कल्भर्ट मर्मत कार्य | भोटिया खोला कल्भर्ट इटहरी १५ | रू.८,६५,७२०।१६ | रू २५,०००।०० | |
| ०५ | ITR/NCB/26/075/076 | रिटेनिंग वाल निर्माण कार्य | भान्से पोखरी इटहरी १८ | रू.८,६१,५८४।४६ | रू २५,०००।०० | |
| ०६ | ITR/NCB/08/075/076 | नदी नियन्त्रण कार्य | सुकुमारी खोला भत्केको वाध उत्तर इटहरी १७ | रू.४,३१,५१६।४६ | रू १२,५००।०० | पुन: प्रकाशित सूचना |

बरिष्ठ इन्जिनियर

इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

अर्जुन ... 
बरिष्ठ इन्जिनियर
ने.इ.प.नं. ५०३१ सिभिल (क)